भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि लिलामी सम्बन्धी ७ दिने सूचना
### प्रथम पटक प्रकाशित मितिः २०८२/०३/०२

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

भिमाद नगरपालिका वडा नं.७ स्थित हरिवंश भण्डारी, बालकृष्ण कडेल, चन्द्र बहादुर सार्की र हरिचन्द्र भण्डारीको निजी जग्गामा निकाश खुलाउने क्रममा सार्वजनिक क्षेत्रबाट निस्केको ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि लिलाम बढाबढ गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति वा फर्महरुलाई जानकारी गराइएको छ। इच्छुक व्यक्ति वा फर्मले लिलाम सम्बन्धी शिलबन्दी दरभाउपत्र पेश गर्न चाहेमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्मले शिलबन्दी दरभाउपत्र पेश गर्न चाहेमा फर्म नविकरण भएको प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा आ.व. ०८०/०८१ को सम्म कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी निम्न शर्तहरुको अधिनमा रही तपशिल बमोजिमको मिति समय र स्थानमा तपशिलमा उल्लेख गरिएका सामाग्रीको शिलबन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ।

<u>तपसिल :</u>

| क्र.स. | सामाग्रीको नाम | ठेगाना | परिमाण (घन मिटर) | परिमाण (घन फिट) | मु.अ. कर र अग्रीम आयकर बाहेकको न्यूनतम जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि | भिमाद-७, कडेलचोक | ३९४.३८ | १३९२५.५६ | १,२५,३३१।- | |

१. सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात २०८२/०३/०८ गते भित्र रु. १,०००।- दस्तुर तिरि शिलबन्दी दरभाउपत्र फाराम भिमाद नगरपालिकाको कार्यालयबाट खरिद गर्नुपर्नेछ।

२. सूचना प्रकाशित भएको आठौ दिन अर्थात २०८२ साल असार ०९ गते दिउसो १२ बजे भित्र आवेदकले माथि उल्लेख कागजातका साथ आफुले कबोल गरेको अंक सहित शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ।

३. दरभाउपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । शिलबन्दी दरभाउपत्र केरमेट भएको स्थानमा स्पष्ट हस्ताक्षर गरेको हुनुपर्नेछ।

४. दर्ता भएको शिलबन्दी दरभाउपत्र आठौं दिन अर्थात २०८२ असार ०९ गते दिनको २ बजे भिमाद नगरपालिका कार्यालयमा खोलिनेछ। शिलबन्दी दरभाउपत्र दाखिलाकर्ता वा निजको प्रतिनिधी उपस्थित नभएमा शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिद गर्न, दरभाउपत्र दर्ता गर्न र दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न आएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सो कार्यको लागि तोकिएको अन्तिम दिन मानिनेछ ।

CS CamScanner

भिमाद नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ, गण्डकी प्रदेश नेपाल

२०७३

प्रमुख प्रशासकीय अधिकृत

६. आफुले कबोल गरेको अंकको ५ प्रतिशते हुने रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयका नाउमा जारी गरेको १२० दिन म्याद भएको बैंक जमानत (Bid Bond) वा यस नगरपालिकाको NIC ASIA बैंक भिमाद शाखाको धरौटीखाता (खाता नं. A7CA500649524004) मा नगद जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

७. शर्त सहित पेश गरेको रीत नपुगि वा म्याद नाघि आएको, न्यूनतम रकम भन्दा घटी कबोल गरेको र यस कार्यालयबाट प्रमाणित नगरी बिक्री गरेको, दरभाउपत्र फाराम पेश नगरेको शिलबन्दी दरभाउपत्र फर्मलाई मान्यता दिइने छैन ।

८. दरभाउपत्रदाताले कबोल गरेको रकममा १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकर थप गरी कबोल अंक कायम गरिनेछ र उक्त रकम दरभाउपत्र दाताले एकमुष्ठ रुपमा बुझाउनु पर्नेछ ।

९. लिलाम सम्बन्धी कुनै विवाद भए प्रचलित कानुनको परिधिभित्र रहि भिमाद नगरपालिकाले निर्णय गर्नेछ। साथै कुनै लिलामको शिलबन्दी दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार भिमाद नगरपालिकामा रहनेछ ।

१०. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-५७२४३६ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ साथै यस कार्यालयको website www.bhimadmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ ।

CamScanner